बैठक संख्या: २०८२/८३-१८

आज मिति २०८३/०३/०७ गते आइतबारको दिन बिहान ७ बजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको १८ औं बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको बैठकहलमा देहायको सदस्यहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरी विभिन्न निर्णयहरु गरियो।

उपस्थिति:

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | श्री अर्जुन जंग शाह | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | श्री मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | श्री जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | श्री खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | श्री बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर विक | कार्यपालिका सदस्य | |

अन्य उपस्थिति:

१. श्री जनकराज जोशी — वरिष्ठ लेखा अधिकृत

२. श्री भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

३. श्री हिमा कुमारी रेउले — का स

सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स. २०८२।८३
च.न.

**मिति २०८३/०३/०७ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. हाल सम्मको खर्च समिक्षा सम्बन्धमा ।
३. योजनाहरुको फरफारक सम्वन्धमा ।
४. अनुगमन समितिको प्रतिबेदन स्वीकृत सम्बन्धमा ।
५. आर्थिक वर्ष २०८३/८४ को आय र व्ययको अनुमान सम्बन्धमा ।
६. आर्थिक वर्ष २०८३/८४ वार्षिक निति तथा कार्यक्रम सम्बन्धमा ।
७. आर्थिक विधेयक २०८३/८४ मस्यौदा सम्बन्धमा ।
८. विनियोजन विधेयक २०८३/८४ मस्यौदा सम्बन्धमा ।
९. बजेट बक्तब्य बापत रकम सम्बन्धमा ।
१०. राजस्व परामर्श समितिको प्रतिवेदन सम्वन्धमा ।
११. गाउँसभाका सदस्यहरुलाई सामग्री प्रदान गर्ने सम्वन्धमा ।
१२. गाउँसभाको १९ औं अधिवेशनमा सहभागि कर्मचारीको सुविधा सम्वन्धमा ।
१३. विविध सम्वन्धमा ।

प्रमाणित भयो
०८३।०३।०६

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८३/०२/२८ गते बसेको गाउँ कार्यपालिकाको सत्रौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा व्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ हाल सम्मको खर्च समिक्षा सम्वन्धमा।**

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को हाल सम्म चालु ६२.३ प्रतिशत तर्फ र पुँजीगत तर्फ ४१.७१ प्रतिशत र समग्रमा ५७.२३ प्रतिशत बजेट खर्च भएको देखिन आएको र विभिन्न विषयगत तथा शिर्षकगत खर्च समेत व्यापक छलफल गरी सन्तोषजनक देखिन आएकोले आर्थिक प्रगति अनुमोदन सहित समिक्षा गरियो ।

**प्रस्ताव नं ३ योजनाको भुक्तानी फरफारक तथा अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँपलिका आ . व २०८२/०८३ मा असार ०५ गतेसम्म भुक्तानी भएका तपसिल बमोजिमका योजनाहरु फरफारक गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो।

तपसिलः

| सि.न. | योजना/कार्यक्रमको नाम | वडा न. | विनियोजित रकम रु | सम्पन्न मिति | सम्पन्न खुद भुक्तानी रकम. |
|---|---|---|---|---|---|
| १ | माथिल्लो जुगेखोला खानेपानी स्तरोन्नती तथा पोखरी घेरवार | १ | २०००००.०० | २०८३-०३-०३ | १८७९८२.४८ |
| २ | ठुला पोखरा सिचाई पोखरी निर्माण योजना | ३ | २०००००.०० | २०८३-०२-२९ | १८७७२४.१० |
| ३ | उत्तेसिनी खोलादेखी वेरौटे सिचाई कुलो निर्माण योजना | ३ | ५०००००.०० | २०८३-०३-०१ | ४७०४७७.६२ |
| ४ | तल्लो बाँझकाँडा कालिका मन्दिर मर्मत तथा गोरेटो बाटो निर्माण | १ | १५००००.०० | २०८३-०३-०४ | १२८०९४.८९ |
| ५ | तल्लो बाँझकाडा प्रतिक्षालय निर्माण | १ | २०००००.०० | २०८३-०३-०३ | १८९७१७.२३ |

प्रमाणित भयो।

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | कागखोला गाउँघर क्लिनिक भवन मर्मत बाटो तथा प्रतिक्षालय निर्माण | १ | २०००००.०० | २०८३-०२-२९ | १८७५४२.९३ |
| ७ | दारदा सिद्ध गुफा मन्दिर प्रतिक्षालय निर्माण तथा संरक्षण योजना | १ | १५००००.०० | २०८३-०३-०३ | १४२१३८.८३ |
| ८ | दारिमबोट पक्की सिचाई कुलो निर्माण योजना | २ | १५०००००.०० | २०८३-०२-२८ | १४२६६७३.२२ |
| ९ | पटारे बगर सिचाई कुलो निर्माण योजना | १ | १५०००००.०० | २०८३-०२-२९ | १४३३३१७.५७ |

**प्रस्ताव नं ४ अनुगमन समितिको प्रतिबेदन स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को बार्षिक बजेट अनुसार हाल सम्म निर्माण तथा संचालन सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको सम्बन्धमा अनुगमन समिति संयोजक एवं गाउँपालिका उपाध्यक्ष श्री रामबहादुर बस्नेत ज्यु द्वारा पेश भएको अनुगमन प्रतिवेदन व्यापक छलफल सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ आर्थिक वर्ष २०८३/८४ को आय र व्ययको अनुमान सम्बन्धमा ।**

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को आय व्ययको अनुमान समेटिएको बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी १९ अधिबेशनको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ आर्थिक वर्ष २०८३/८४ वार्षिक निति तथा कार्यक्रम सम्बन्धमा ।**

**निर्णय न ६ :**

सिद्ध कुमाख गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को बार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी १९ औं गाउँ अधिबेशनमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ आर्थिक विधेयक २०८३ को मस्यौदा सम्बन्धमा ।**

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन हुने राजस्वको नीति दर तथा दायरा समावेश भएको आर्थिक विधेयक २०८३ को मस्यौदा स्वीकृत गरी १९ औं गाउँ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

प्रमाणित भेया

CamScanner

**प्रस्ताव नं ८ विनियोजन विधेयक २०८३ को मस्यौदा सम्बन्धमा ।**

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को खर्च सम्बन्धी व्यवस्था समेटिएको विनियोजन विधेयक २०८३ को मस्यौदा स्वीकृत गरी १९ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ९ बजेट बक्तब्य बापत रकम सम्बन्धमा ।**

**निर्णय नं ९:**

आगामी आर्थिक वर्ष २०८३/८४ को बार्षिक बजेट तथा कार्यक्रम १९ औं अधिवेशनमा पेश गरेबापत गाउँपालिका उपाध्यक्ष श्री रामबहादुर बस्नेतलाई रु १० हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं १० राजस्व परामर्श समितिको प्रतिवेदन सम्वन्धमा ।**

**निर्णय नं १०:**

सिद्ध कुमाख गाउँपालिकाको राजश्व परामर्श समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ११ गाउँसभाका सदस्यहरुलाई सामग्री प्रदान गर्ने सम्वन्धमा ।**

**निर्णय नं ११**

सिद्ध कुमाख गाउँपालिका गाउँसभाका अध्यक्ष, उपाध्यक्ष र सम्पुर्ण गाउँसभा सदस्यहरुलाई झोला र छाता वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १२ गाउँसभाको १९ औं अधिवेशनमा सहभागि कर्मचारीको सुविधा सम्वन्धमा ।**

**निर्णय नं १२**

सिद्ध कुमाख गाउँपालिकाको मिति २०८३ असार ७ गते संचालन हुने गाउँसभाको १९ औं अधिवेशनमा विभिन्न काममा सहयोग गर्न खटिएका सहभागि कर्मचारीहरुलाई खाजा, खानाको व्यवस्था गरी १ दिन बराबरको नियमानूसार भत्ता प्रदान गर्ने निर्णय गरियो ।

प्रमाणित गरियो।

CamScanner